# DISTRICT ENERGY NETWORK
## जिल्ला ऊर्जा नेटवर्क (डिनेट)

च. नं.१।०६५।६६ मिति :२०६५।१०।२४

श्री स्थानीय विकास अधिकारीज्यू
जिल्ला विकास समितिको कार्यालय
(७५ वटै)

विषयः जिल्ला ऊर्जा सञ्जाल ( District Energy Network -DENET)बाट भएका निर्णय कार्यान्वयनका लागि अनुरोध ।

जिल्ला विकास समिति महासंघ नेपाल मुख्य आयोजक रहेको राष्ट्रिय ग्रामीण ऊर्जा विकास सम्मेलन, माघ ९ र १०, २०६५ का अवसरमा उक्त सम्मेलनमा सहभागी स्थानीय विकास अधिकारीहरुको संयुक्त भेलाबाट जिल्ला विकास समिति महासंघ अन्तर्गत पूर्व गठित DENET को नयाँ नेतृत्व चयन गर्ने कार्य मिति २०६५ माघ १० गते सम्पन्न भएको जानकारी गराउँदै उक्त नेतृत्वमा देहाय अनुसारका स्थानीय विकास अधिकारीहरु सर्व सम्मतिबाट निर्वाचित भएको व्यहोरा अवगत गराउँदछु ।

| | | | |
|---|---|---|---|
| १. अध्यक्ष | श्री रमेश कुमार अधिकारी | स्था. वि. अ. | धादिङ |
| २. उपाध्यक्ष | श्री विष्णु प्रसाद ढकाल | " | डडेलधुरा |
| ३. सदस्य | श्री विश्व प्रकाश सुवेदी | " | अछाम |
| ४. सदस्य | श्री कृष्ण कुमार निरौला | " | हुम्ला |
| ५. सदस्य | श्री हरिप्रसाद किरण | " | रुकुम |
| ६. सदस्य | श्री दिपेन्द्रराज पौडेल | " | रुपन्देही |
| ७. सदस्य | श्री हरीप्रसाद दहाल | " | तनहुँ |
| ८. सदस्य | श्री प्रभा पाण्डे | " | भक्तपुर |
| ९. सदस्य | श्री मेघनाथ काफ्ले | " | काभ्रेपलाञ्चोक |
| १०.सदस्य | श्री युवराज सुवेदी | " | संखुवासभा |
| ११.सदस्य | श्री खड्ग बहादुर चापागाई | " | पाँचथर |

यसरी नवगठित DENET को २०६५/१०/१२ गते बसेको प्रथम बैठकबाट देहाय अनुसारका निर्णय भएकाले सोको जानकारी गराउँदै उक्त निर्णय कार्यान्वयनका लागि हार्दिक अनुरोध गर्दछु ।

**निर्णय**

१. नेपालमा भइरहेको अत्याधिक ऊर्जा मागलाई मध्यनजर राख्दै जिल्ला ऊर्जा सञ्जालको कार्यक्षेत्रमा पर्ने लघु जलविद्युत्, बायोग्याँस, सुधारिएको चुलो, वायु ऊर्जा, सौर्य ऊर्जाको उत्पादन, उपयोग र प्रवर्द्धनमा सरकारी, सहकारी तथा नीजि क्षेत्रलाई सहभागी गराई उपलब्धी हासिल गर्न जि.वि.स.को नेतृत्वदायी भूमिका निर्वाह गर्न सम्पूर्ण जि.वि.स. लाई अनुरोध गर्ने निर्णय गरियो ।

२. ग्रामीण ऊर्जाको राष्ट्रिय सम्मेलन माघ ९-१०, २०६५ बाट पारित ललितपुर घोषणापत्रलाई जिल्लास्तरमा सरोकारवालाहरुसँग अर्न्तक्रिया गर्ने, जि.वि.स. प्राङ्गगडमा Hording Board राख्ने र घोषणापत्र प्रकाशन गरी वितरण गर्न प्रत्येक जि.वि.स.लाई अनुरोध गर्ने ।
३. जिल्ला ऊर्जा सञ्जाल (District Energy Network) का सदस्य जि.वि.स.हरु (७५ वटै जिल्ला ) लाई Membership Fee वापत वार्षिक (रु १०,०००/-) को दरले सदस्यता शुल्क जि.वि.स. महासंघको ठेगानामा उपलब्ध गराउन अनुरोध गर्ने ।
४. मुलुकभर Wind Energy को संभाव्यता अध्ययन गरी सो को जानकारी उपलब्ध गराउने कार्यमा सहयोग गर्न AEPC मा अनुरोध गर्ने निर्णय गरियो ।
५. मौजुदा जिल्ला ऊर्जा सञ्जाल कार्य सञ्चालन निर्देशिका २०६० लाई आवश्यक परिमार्जन गरी कार्य समितिमा पेश गर्न देहायको कार्यदल गठन गरी जिम्मेवारी सुम्पने निर्णय गरियो ।
   - संयोजक श्री माधव प्रसाद पौडेल
   - उपसंयोजक श्री रमेश कुमार अधिकारी
   - सदस्य श्री परशुराम उपाध्याय
   - सदस्य श्री अनिल काफ्ले
६. DENET को खाता सञ्चालन अध्यक्ष श्री रमेश कुमार अधिकारी र महासंघका कार्यकारी महासचिव श्री हेमराज लामिछानेको संयुक्त दस्तखतबाट सञ्चालन गर्ने निर्णय गरियो ।

................................
रमेश कुमार अधिकारी
स्थानीय विकास अधिकारी
जि. वि. स. धादिङ
तथा
अध्यक्ष, DENET

पुनश्चः

थप जानकारीका लागि ऊर्जा तथा वातावरण अधिकृत श्री अनिल काफ्लेलाई ५५२९२०२ तथा मो. नं. ९७४१०७३८०२ मा वा anilkaphle@addcn.org.np मा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

संलग्नः
१. ग्रामीण ऊर्जा विकास सम्बन्धी राष्ट्रिय सम्मेलनबाट अनुमोदित, ललितपुर घोषणापत्र ।



१०. ऊर्जा क्षेत्रको दिगो विकासका लागि जिल्ला ऊर्जा कोषमा स्थानीय सरकारले छुट्याएको बजेटमाथि केन्द्र सरकारले शत प्रतिशत अनुदान थप गर्ने व्यवस्था गर्न आह्वान गर्दछ । जिल्ला ऊर्जा कोषमा कार्बन ट्रेड फण्ड, रोयल्टी, विकास अनुदानको अँश, दातृ निकाय अनुदानको रकम समेत जम्मा हुने व्यवस्था गर्दै सार्वजनिक निजी साझेदारी नीति अनुसार सो कोष र निजी क्षेत्र समेतको साझेदारीमा परियोजना लगानी गर्ने व्यवस्था गर्न हामी सहमत छौं ।

११. ऊर्जा विकासका सन्दर्भमा आवश्यक जग्गा अधिग्रहण वा खरिद गर्ने कार्य स्थानीय सरकारको पहलमा गरी जग्गाधनीलाई परियोजनामा शेयर र जग्गाको प्रचलित सापेक्ष बजारमूल्य अनुसारको मुआब्जा व्यवस्था गरी जिल्लास्तरमा प्रभावकारी संयन्त्र बनाउन यो सम्मेलन माग गर्दछ ।

१२. जलविद्युत परियोजनाहरु शीघ्र सम्पन्न गर्न, तथा उत्पन्न हुने जोखिम न्यूनिकरण गर्न स्थानीय जनता, सरकार र निजी क्षेत्रबीच निरन्तर वार्ता र सुरक्षाको विशेष निती बनाई लागु गर्न यो सम्मेलन आव्हान गर्दछ ।

१३. यस घोषणाको भावनासँग अनुकुल हुने गरी कानुन तथा नीति तर्जूमा गरी बाझिएका ऐन नियम तत्काल खारेज तथा आवश्यक संशोधन गर्न यो सम्मेलन जोड दिन्छ ।